नेपाल सरकार

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

सिंहदरवार काठमाण्डौ

**कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा**

☎ ४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७४/०७५
च.नं. : ४२६४

मिति : २०७४/०९/२१

**बिषय : आवश्यक निर्देशन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय(सबै)
श्री महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिकाहरु (सबै)
श्री गाउँपालिकाहरु (सबै)

प्रस्तुत बिषयमा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/०९/२० च.नं. २५२ को पत्रबाट लेखिआएको पत्रको छाँयाप्रति यसै साथ संग्लग्न छ। सो पत्रलाई अवगत गरी कार्यान्वय गर्नु गराउनुहुन मिति. २०७४/०९/२१ को निर्णायानुसार अनुरोध छ।

रबिन्द्रजंग थापा
(शाखा अधिकृत)

नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा. २०७४/७५ चलानी संख्याः 242

मितिः २०७४/०९/२०

**विषयः आवश्यक निर्देशन सम्बन्धमा ।**

श्री सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार काठमाडौं ।

ताहा मन्त्रालयको मिति २०७४।०९।१७ च.न. ४२४३ को पत्रको सन्दभमा लेखिदै छ । सो सम्बन्धमा कर्मचारी पदपुर्तिका लागि निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली, २०५० मा पदपुर्तिको लागि माग गर्नुपर्ने व्यवस्थाहरु र कर्मचारी समायोजन ऐन, २०७४ को दफा १२ को उपदफा (२) र (३) मा स्पष्ट व्यवस्था गरेको देखिन्छ । सो अनुरुप हालसम्म नयां संगठन संरचना र दरबन्दी निर्धारण भइ नसकेको हुदां नेपाल सरकारद्धारा स्वीकृत दरबन्दी वा पदमा (जुन निजामती किताबखानामा समेत दर्ता भएको छ) मृत्यु भइ रिक्त भएको पद, राजिनामा दिइ रिक्त भएको पद, स्वत अवकाश भइ रिक्त भएको पद, बढुवाका कारण रिक्त भएको पद, भविष्यमा अयोग्य नठहरिने गरि वा अयोग्य ठहरिने गरि विभागिय सजाय भइ रिक्त भएको पदमा कुल स्वीकृत दरबन्दी वा पदमा नबढ्ने गरि पदपूर्ति गर्न बाधा पर्ने देखिदैन । तर यसरी रिक्त भएको पदको गणना गर्दा भने कर्मचारी समायोजन ऐन, २०७४ को दफा १० बमोजिम कर्मचारी समायोजन प्रयोजनका लागि कायम भएको पुल दरबन्दी कायम रहेकै कारण साविकका पदहरु रिक्त भएको मान्न नमिल्ने वा नसकिने हुदां सो समेतलाई विचार गरि **खुद रिक्त पदमा मात्र** पदपूतिको प्रक्रिया अगाडि बढाउन सकिने भएकाले प्रचलित ऐन नियम बमोजिम गर्न गराउन आवश्यक निर्देशन दिने भनि यस मन्त्रालयको मिति २०७४।०९।२० को निर्णयानुसार अनुरोध छ ।

.....................

(दिनेश सागर भुसाल)

उप सचिव

फोन नम्बर: ०१-४२००३६७, ०१-४२००३६८, ०१-४२००३६९ फ्याक्स नम्बर: ०१-४२००२३८